पोखरा विश्वविद्यालय
व्यवस्थापन संकाय
डीनको कार्यालय
पोखरा, लेखनाथ, कास्की

चलानी नं.: ०६५/०८०

मिति:२०७९/०७/२०

**पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय स्नातकोत्तरतह (MBA/MHCM/MCIS) छात्रवृत्ति छनौट परीक्षामा सहभागी उम्मेदवारहरुको उत्तिर्ण सूचि (Pass List) प्रकाशित सम्बन्धि अत्यन्त जरुरी सूचना !**

पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय स्नातकोत्तरतह छात्रवृत्ति छनौट समिति २०७९ बाट स्नातकतहको अन्तिम सेमेष्टर भन्दा अधिका सबै सेमेष्टर उत्तिर्ण उत्तिर्ण भएका र अन्तिम सेमेष्टरको परीक्षा दिएका विद्यार्थीहरु समेतलाई पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमानुसार छनौट प्रवेश परीक्षामा सहभागी गराउन मिति २०७९/०५/१८ गतेदेखि मिति २०७९/०७/०६ गतेसम्म अनलाइन दरखास्त फाराम भराइ मिति २०७९/०७/१८ गते लिइएको **व्यवस्थापन अध्ययन संकाय स्नातकोत्तरतह (MBA/MHCM/MCIS)** को परीक्षामा सहभागी उम्मेदवारहरुको संलग्न बमोजिमको उत्तिर्ण सूचि **(Pass List)** प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैको लागी जानकारी गराइन्छ । प्रकाशित उत्तिर्ण सूचिमा रहेको आफ्नो नतिजालाई सम्वन्धित उम्मेदवारहरुले पोखरा विश्वविद्यालयको Website (www.pu.edu.np) मा गई हेर्न सकीनेछ । Scholarship Portal मा गई आफ्नो Gmail र Password लगइन गरी Open भएको Dashboard को Entrance Exam मा नतिजा र सूचना हेर्नुपर्नेछ।

नियम अनुसार समितिले अविलम्ब योग्यताक्रम (Merit List) समेत प्रकाशित गर्नुपर्ने भएको हुँदा आज प्रकाशित **उत्तिर्ण सूचि (Pass List)** मा समावेश भएका तर अनलाईन फाराम भर्दा स्नातकतह उत्तिर्ण भएको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र नबुझाएका उम्मेदवारहरुले यही मिति **२०७९/०७/३०** गतेसम्ममा अनलाईन मार्फत अनिवार्य उक्त डकुमेन्ट बुझाउनुहुन समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ । स्नातकतह उत्तिर्ण भएको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र नबुझाउने उम्मेदवारहरुलाई योग्यताक्रम (Merit List) मा समावेश गरिनेछैन ।

उम्मेदवारहरुले ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र अनलाईन मार्फत पेश गर्दा Scholarship Portal मा गई आफ्नो Gmail र Password लगईन गरी Dashboard खोल्ने र Scholarship Profile मा गई **Bachelor Education Information मा** गएर अपडेट गर्नुपर्नेछ ।

आज प्रकाशित उत्तिर्ण सूचि **(Pass List)** मा समावेश भएका उम्मेदवारहरुको सूचि सम्बन्धित उम्मेदवारहरुले भरेको र पेश गरेको कागजातहरुको आधारमा प्रकाशित गरिएको हुदा आफुले अनलाइन फाराम भर्दा उल्लेख गरेको विवरण र पेश गरेको कागजातहरुको आधारमा उत्तिर्ण सूचिमा रहेको आफ्नो नाम, ठेगाना, छात्रवृत्ति कोटा र स्कूल टाइपमा फरक पर्न गएको भए निवेदन लेखि **fmsadmin@pu.edu.np** मा मिति २०७९/०७/३० गतेसम्म ईमेल पठाई दावी गर्न सकिनेछ । उम्मेदवारहरुले दावी सम्बन्धी निवेदन दिदा आफ्नो **नाम, संकाय, रोल नं., प्राप्त स्कोर र मोवाइल नं.** अनिवार्य उल्लेख गर्नुपर्नेछ । अन्यथा प्राप्त निवेदन उपर कुनै कारवाही गरिनेछैन ।

डा. दया राज ढकाल
संयोजक
स्नातकोत्तरतह छात्रवृत्ति छनौट समिति, २०७९

सम्पर्क ठेगाना: पोखरा लेखनाथ-३०, कास्की, नेपाल, फोन नं. ०६१-५०४१४७, ५०४०३५

CamScanner